जहदा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ्ग

# जहदा गाउँपालिकाको पेट्रोलियम पदार्थ बिक्रि-वितरण सिफारिस सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्विकृत मितिः २०८२/१०/२२

# जहदा गाउँपालिकाको पेट्रोलियम पदार्थ बिक्रि–वितरण सिफारिस सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जहदा गाउँपालिकालाई प्रदत्त अधिकार प्रयोग गरी पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, एलपी ग्यास लगायत) को विक्रि–वितरण केन्द्र स्थापना, सञ्चालन तथा नवीकरणका लागि सिफारिस दिने कार्यलाई व्यवस्थित, पारदर्शी, सुरक्षित तथा वातावरणमैत्री बनाउन यो कार्यविधि जारी गरिएको छ।

**दफा १: संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "जहदा गाउँपालिकाको पेट्रोलियम पदार्थ बिक्रि–वितरण सिफारिस सम्बन्धी कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**दफा २: परिभाषा**

(क) "पेट्रोलियम पदार्थ" भन्नाले पेट्रोल, डिजेल, मट्टितेल, एलपी ग्यास तथा नेपाल सरकारले तोकेका अन्य पेट्रोलियम पदार्थ सम्झनु पर्दछ।

(ख) "विक्रि–वितरण केन्द्र" भन्नाले पेट्रोल पम्प, डिजेल पम्प, एलपी ग्यास गोदाम वा डिपो सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले जहदा गाउँपालिका सम्झनु पर्दछ।

(घ) "सिफारिस" भन्नाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा अनुमति प्राप्त गर्नका लागि गाउँपालिकाबाट दिइने लिखित राय सम्झनु पर्दछ।

**दफा ३: सिफारिसको क्षेत्राधिकार**

(१) गाउँपालिकाले पेट्रोलियम पदार्थ विक्रि–वितरण केन्द्र स्थापना, नवीकरण, स्थानान्तरण वा क्षमता विस्तारका लागि सिफारिस दिन सक्नेछ।

(२) अन्तिम अनुमति सम्बन्धित संघीय वा प्रदेश निकायबाट हुनेछ।

रोशन कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

**दफा ४: निवेदन पेस गर्ने व्यवस्था**

सिफारिस चाहने व्यक्तिले वा संस्थाले देहायका कागजातसहित अनुसूची-१ को ढाँचामा गाउँपालिकामा निवेदन पेस गर्नुपर्नेछ:

- निवेदन
- नागरिकता
- फर्म/कम्पनी दर्ता प्रमाणपत्र
- जग्गाधनी प्रमाणपत्र वा लिज सम्झौता
- साइट प्लान र ले–आउट नक्सा
- वातावरणीय कागजात
- नेपाल आयल निगमको आशय पत्र
- अग्नि सुरक्षा योजना

**दफा ५: जाँच तथा निरीक्षण**

गाउँपालिकाले आवश्यक परेमा स्थलगत निरीक्षण गरी अनुसूची-२ बमोजिमको प्राविधिक प्रतिवेदन तयार गर्नेछ।

**दफा ६: निर्णय र सिफारिस**

कार्यपालिका बैठकबाट सिफारिस दिने वा नदिने निर्णय गरिनेछ। कार्यपालिकाले सिफारिस दिने निर्णय गरेमा अनुसूची – ४ बमोजिमको सिफारिस कार्यालयले दिनेछ ।

**दफा ७: अनुगमन**

सिफारिस प्राप्त केन्द्रको नियमित अनुगमन गरिनेछ।

**दफा ८: शुल्क, दस्तुर**

सिफारिस, नविकरण र स्थान्तरण शुल्क, दस्तुर अनुसूची-३ बमोजिम लाग्नेछ ।

**दफा ९: विविध**

यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

रोशन कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची—१

*(दफा ४ सँग सम्बन्धित)*

**पेट्रोलियम पदार्थ बिक्रि—वितरण सिफारिसका लागि निवेदन फाराम**

1. निवेदकको नाम (व्यक्ति/फर्म/कम्पनी):

   ..................................................................
2. ठेगाना:

   ..................................................................
3. सम्पर्क नम्बर:

   ..................................................................
4. व्यवसायको प्रकार:

   ☐ पेट्रोल/डिजेल पम्प

   ☐ एल.पी. ग्यास गोदाम/डिपो

   ☐ अन्य (खुलाउने) ............................
5. प्रस्तावित स्थलको विवरण (वडा नं., स्थान):

   ..................................................................
6. जग्गाको स्वामित्व विवरण:

   ☐ आफ्नै ☐ भाडा/लिज

   (जग्गाधनीको नाम: ...........................)
7. संलग्न कागजातहरूको विवरण:
   - ☐ नागरिकता
   - ☐ कम्पनी दर्ता प्रमाणपत्र
   - ☐ जग्गाधनी प्रमाणपत्र/लिज सम्झौता
   - ☐ साइट प्लान तथा ले—आउट नक्सा
   - ☐ वातावरणीय कागजात
   - ☐ नेपाल आयल निगमको आशय पत्र
   - ☐ अन्य ............................

म माथि उल्लेखित विवरण सत्य भएको व्यहोरा प्रमाणित गर्दछु।

निवेदकको नाम: .................................

हस्ताक्षर: ..................................

मिति: ................................

---

गाईघाट... नेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मझारे, मोरङ, कोशी प्रदेश, नेपाल

रोशन कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–२

*(दफा ५ सँग सम्बन्धित)*

**पेट्रोलियम पदार्थ बिक्रि–वितरण केन्द्र अनुगमन चेकलिस्ट**

1. प्रस्तावित स्थल सुरक्षित रहेको:
   □ छ □ छैन
2. विद्यालय/अस्पताल/घना बस्तीबाट तोकिएको दूरी कायम:
   □ छ □ छैन
3. अग्नि सुरक्षा उपकरण (Fire Extinguisher आदि):
   □ उपलब्ध □ उपलब्ध छैन
4. वातावरणीय मापदण्डको पालना:
   □ भएको □ नभएको
5. सडक पहुँच तथा ट्राफिक व्यवस्थापन उपयुक्त:
   □ छ □ छैन
6. स्थानीय बासिन्दाको गुनासो/आपत्ति
   □ छैन □ छ (खुलाउने) ..........................
7. वडा कार्यालयबाट स्थलगत सर्जमिन मुचुल्का सहितको सिफारिस
8. समग्र निष्कर्ष:
   □ सिफारिस गर्न उपयुक्त
   □ सिफारिस गर्न अनुपयुक्त

अनुगमन टोलीका सदस्यहरूको नाम र हस्ताक्षर:

1. ....................................
2. ....................................

मितिः ..........................

रोशन कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची—३
*(दफा ८ सँग सम्बन्धित)*

शुल्क/दस्तुर तालिका

| क.सं. | सिफारिसको प्रकार | शुल्क रकम |
|---|---|---|
| १ | नयाँ पेट्रोल/डिजेल पम्प | रु. १०,०००।— |
| २ | नयाँ एल.पी. ग्यास गोदाम/डिपो | रु. ७,०००।— |
| ३ | पेट्रोल/डिजेल पम्प नवीकरण | रु. ५,०००।— |
| ४ | एल.पी. ग्यास गोदाम नवीकरण | रु. ३,०००।— |
| ५ | पेट्रोल/डिजेल पम्प स्थानान्तरण | रु. ७,०००।— |
| ६ | एल.पी. ग्यास गोदाम स्थानान्तरण | रु. ५,०००।— |

स्पष्टीकरणः

(क) तोकिएको शुल्क जहदा गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(ख) एकपटक तिरेको शुल्क फिर्ता हुनेछैन।

(ग) गाउँ कार्यपालिकाले आवश्यकताअनुसार शुल्क दर संशोधन गर्न सक्नेछ।

रोशन कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची—४

*(दफा ६ सँग सम्बन्धित)*

**पेट्रोलियम पदार्थ बिक्रि—वितरण सिफारिस पत्र**

मितिः ..............

पत्र संख्याः ..............

चलानी नं.: ..............

**विषयः पेट्रोलियम पदार्थ बिक्रि—वितरण सिफारिस सम्बन्धमा।**

श्री ...............................................

...............................................

...............................................

उपरोक्त विषयमा यस **जहदा गाउँपालिका वडा नं. ....** निवासी **श्री/श्रीमती/फर्म** ........................................ ले **पेट्रोलियम पदार्थ (पेट्रोल/डिजेल पम्प वा एल.पी. ग्यास गोदाम)** स्थापना तथा सञ्चालनका लागि सिफारिस गरिपाउँ भनी यस गाउँपालिकामा निवेदन पेश गर्नुभएकोमा, यस गाउँपालिकाबाट स्वीकृत **"जहदा गाउँपालिकाको पेट्रोलियम पदार्थ बिक्रि—वितरण सिफारिस सम्बन्धी कार्यविधि, २०८२"** बमोजिम आवश्यक कागजात, स्थल अनुगमन तथा प्राविधिक पक्षको परीक्षण गर्दा प्रस्तावित स्थल तथा प्रक्रिया **उक्त कार्यविधि बमोजिम उपयुक्त देखिएको** भएकाले नियमानुसार आवश्यक प्रक्रिया पूरा गरी सिफारिस गरिदिएको व्यहोरा जानकारी गराइन्छ।

यस सिफारिसका आधारमा सम्बन्धित निकायबाट आवश्यक अनुमति/स्वीकृति प्रदान गर्न अनुरोध गर्दछौं।

**सर्तहरूः**

१. लागू हुने सबै कानुन, मापदण्ड तथा निर्देशनको पालना गर्नुपर्नेछ।

२. वातावरणीय तथा अग्नि सुरक्षासम्बन्धी मापदण्ड अनिवार्य रूपमा कायम गर्नुपर्नेछ।

३. यो सिफारिस अन्तिम अनुमति नभई सम्बन्धित निकायको स्वीकृतिपछि मात्र मान्य हुनेछ।

भवदीय,

...............................................

**प्रमुख प्रशासकीय अधिकृत**

जहदा गाउँपालिका, मोरङ

...............................................

**गाउँपालिका अध्यक्ष**

जहदा गाउँपालिका, मोरङ

**गाउँपालिकाको छाप**

जहदा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मझारे, मोरङ, कोशी प्रदेश, नेपाल

आज्ञाले:

रोशन कुमार गुप्ता

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२।१०।२२

रोशन कुमार गुप्ता

प्रमुख प्रशासकीय अधिकृत